# पैरवी

अंकः माघ-चैत्र २०७७




संयोजनः रमेश भण्डारी, एलिसा श्रेष्ठ

पैरवीको यस अंकमा ओरेकले जनवरीदेखि मार्च २०२१ सम्म सञ्चालन गरेका अभियानमुलक तथा पैरवीमुलक कार्यक्रमहरूको जानकारी समवेश गरिएको छ। यस अवधीमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा पैरवीमुलक तथा सचेतनामुलक कार्यक्रम, द्वन्द प्रभावित महिलाहरूको न्यायमा पहुँच, श्रमिक महिलाहरूको सवालमा स्थानिय तहको भूमिका, कोभिड १९ प्रतिकार्यको लैंगिक विश्लेषण, महिलावादी नेतृत्व विकासका लागि क्षमता सवलीकरण, महिला तथा बालिकामाथि सार्वजनिकस्थलमा हुने विभेद तथा हिंसा लगायतका सवालहरूमा संस्थाले गरेका केही मुख्य गतिविधी यस अंकको न्युजलेटरमा समावेश गरिएको छ।

## द्वन्द प्रभावित महिलाहरूको अवस्था र अहिलेका आवश्यकताहरू

द्वन्द प्रभावित महिलाहरूको राष्ट्रिय सञ्जाल (सहज सञ्जाल) र ओरेकको सहआयोजनामा अन्तर्राष्ट्रिय सामाजिक न्याय दिवस (फेब्रुअरी २०) तथा अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ८) को सन्दर्भमा 'द्वन्द प्रभावित महिलाहरूको अवस्था र अहिलेका आवश्यकताहरु' सम्बन्धि अन्तरक्रिया कार्यक्रम सत्य निरुपण तथा मेलामिलाप आयोगमा आयोजना गरिएको थियो।

कार्यक्रममा सहज सञ्जालकी अध्यक्ष सोनिया चौधरीले सशस्त्र द्वन्द्वका बेला सरकार र तत्कालिन विद्रोही दुवै पक्षबाट महिलाहरूले महिलाले बलात्कार, चरम यौनहिंसा, हिरासतमा यातना, अपहरण र अन्य अनेकौं यातना भोगेको कुरा विर्सन नसकेको बताउनुभयो। वहाँले भन्नुभयो "हामीमाथि भएका अन्याय अत्याचारका विरूद्धमा बोलेमा भैरहेको पारिवारीक सम्बन्ध नै बिग्रन सक्ने, सामाजिक लाञ्छना खेप्नु पर्ने डर र न्याय प्राप्त हुन्छ भन्ने विश्वासीलो आधार तयार नभएको कारणले हामीले कतै पनि आफूमाथि भएको चरम हिंसाका बारेमा अहिलेसम्म बोल्न सकेनौ। तर द्वन्द्वको समयमा भएको हिंसाको घाउहरु अझैपनि लिएर हामी बाँच्न बाध्य छौं।"

बृहत शान्ति सम्झौता भएको १४ वर्ष पुगिसके पनि प्रभावित महिलाहरु संक्रमणकालिन न्याय प्रक्रियाबाट बन्चित भईरहेका कार्यक्रममा सहभागी द्वन्द्व प्रभावितको भनाई थियो। साथै सम्मानीत जीवन जीउनका लागि यथाशिघ्र न्याय र परिपुरणको आवश्यकता भएको हुनाले सरकारको ध्यानाकर्षण हुनुपर्ने बताएका थिए।




कार्यक्रममा सत्य निरुपण तथा मेलामिलाप आयोगको अध्यक्ष गणेश दत्त भट्टलाई ११ बुंदे मागहरु सहितको ध्यानाकर्षणपत्र हस्तान्तरण गरिएको थियो।सञ्जालले उठाएको सवालमा आयोग सकारात्मक रहेको आयोगका सदस्यहरूले बताएका थिए। साथै आयोगका अध्यक्ष गणेश दत्त भट्टले आयोग प्रदेश सरकारसँग समन्वयमा गर्दै द्वन्द्वका समयमा लैङ्गिक विभेदमा आधारित हिंसाबाट प्रभावित

WOREC
ओरेक
बालकुमारी, ललितपुर फोन नं.: फोन : ०१ ५१८६०७३,
ईमेल : ics@worecnepal .org वेवसाइट : www .worecnepal .org

महिलाहरूको न्याय तथा परिपुरणका लागि योजना तथा नीति तयारीका लागि कार्य गर्दै गरि रहेको समेत जानकारी गराउनुभएको थियो ।

**हाम्रो लागि न्याय कहाँ ? छ विषयक परामर्श कार्यक्रमका आधारमा द्वन्द्व प्रभावित महिलाहरूको संजाल सहजद्वारा निम्न मागहरू कार्यक्रममा प्रस्तुत गरिएको थियो ।**

- द्वन्द्वको समयमा यौनजन्य हिंसा र यातना भोग्न बाध्य हामी महिलाको आवाजलाई संक्रमणकालीन न्यायिक प्रक्रियामा राज्यबाट मौन गराइएको प्रति ध्यानाकर्षण गराउँदै, द्वन्द्व पीडित तथा प्रभावित महिलाको आत्मसम्मान सहितको सत्य निरूपण, न्याय र परिपुरणका लागि अविलम्ब व्यवस्था गरियोस् ।

- नेपाल सरकारको द्वन्द्व प्रभावितको परिभाषाभित्र द्वन्द्वको समयमा शारीरिक तथा मानसिक हिंसा प्रभावित र यौन हिंसा प्रभावितहरु नपरेको हुँदा यसलाई पुनः परिभाषित गरियोस् ।

- द्वन्द्वकालमा हामी माथी भएका यौन तथा लैङ्गिक हिंसाका घटनाको उमेर, जाति, लिङ्ग र भौगोलिक क्षेत्रका आधारमा अनुसन्धान गरी हिंसाको प्रकृती र अवस्थाको आधारमा सामाजिक न्याय तथा महिला अधिकार सुनिश्चितताका लागि विशेष योजना तथा सशक्तिकरणका कार्यक्रमको व्यवस्था गरियोस् ।

- महिलालाई हेर्ने सामाजिक दृष्टिकोण र सोंचका कारण द्वन्द्वको समयमा यौन हिंसा प्रभावित हामी महिलाहरु समुदायमा पुनःएकिकरण हुने वातावरण नभएको, विभिन्न किसिमका लाञ्छना तथा आरोप सहँदै पुनः प्रभावित हुनुपरेको अवस्थालाई आत्मासाथ गरि हामीलाई आत्मसम्मानका साथ बाँच्न पाउने सामाजिक वातावरणको सृजना गरियोस् ।

- हामी द्वन्द्व प्रभावित परिवारका बालबालिकाहरूको निःशुल्क शिक्षा तथा छात्रवृत्तिको सम्बन्धमा भएको उमेरको हदबन्दी हटाई, उनीहरूका लागि आवसिय बिद्यालयको व्यवस्था गरियोस् साथै द्वन्द्व प्रभावित परिवारका सदस्यहरूलाई लोकसेवा लगायत अन्य क्षेत्रहरु (राजनीतिक तथा सामाजिक) मा निश्चित आरक्षणको व्यवस्था गरियोस् ।

- हामी माथि द्वन्द्वको समयमा भएका यौन हिंसाको कारणले उत्पन्न भएका शारीरिक तथा मानसिक समस्याको सामाधानको लागि वडा तहमा परामर्श केन्द्र स्थापना गरि मनोबिमर्श सेवा, स्वस्याहार तथा स्वःहेरचाहका साथै निःशुल्क ल्याब सहितको स्वास्थ्य सेवा लगाएत अन्य सहयोगका लागि आवश्यक मापदण्ड सहितको संयन्त्रहरूको निर्माणका लागि प्रदेश तथा स्थानिय तहबाट नै नीति, कार्यक्रमहरूको व्यवस्था गरियोस् ।

- हामी द्वन्द्व प्रभावित महिलाहरूको दिगो जीविकोपार्जनका लागि आवश्यकता पहिचान गरी स्थानिय तहमा नै सिपमुलक तालिम, सघन व्यवसायिक कृषि कार्यक्रम, रोजगारी तथा उद्यमशिलता विकासका अवसरहरूको सृजना गरी आत्मनिर्भर र आत्मसम्मानका साथ बाँच्न सक्ने आधारहरु सुनिश्चित गरियोस् । हाम्रो अवस्था अनुसारको रोजगारी तथा उद्यमशीलताका लागि राज्यबाट विशेष लगानी तथा सहज रूपमा निर्व्याजी ऋण प्राप्त गर्नसक्ने व्यवस्था गरियोस् ।




- द्वन्द्वको समयमा भएका बलात्कार तथा सामुहिक बलात्कारबाट जन्मिएका बालबालिकाहरूले जन्म दर्ता, नागरिकता नपाउँदा शिक्षाको अधिकार तथा रोजगारीको अवसरबाट बन्चित हुनुपरेको हुँदा हाम्रा बालबालिकाहरूको सहज तरिकाले जन्मदर्ता तथा नागरिकता प्राप्त गर्ने अधिकार सुनिश्चित गरियोस् ।

- द्वन्द्वको समयमा परिवारका सबै सदस्य गुमाएका सहारा विहिन जेष्ठ नागरिकहरु बालवालिकाहरु श्रम गर्न नसक्ने अपांगता भएका व्यक्तिहरु र घाइतेहरूको भरण पोषण, शिक्षा, स्वास्थ्यको सम्पूर्ण जिम्मेवारी राज्यले लिने विशेष व्यवस्था गरियोस् ।

- सत्यनिरूपण तथा मेलमिलाप आयोग, बेपत्ता तथा छानविन आयोग लगायत शान्ति समितिमा उजुरी भएका घटनाहरूको संघ तथा प्रदेश सरकारबाट यथासिघ्र सम्बोधन गरियोस् साथै द्वन्द्व प्रभावितको गुनासो तथा उजुरी लिने, आवश्यक सूचना प्रदान गर्ने जिम्मेवारी लिएका सम्बन्धित निकायका कर्मचारीहरूको काम गर्ने शैली र व्यवहार संवेदनशील बनाईयोस् ।

- प्रदेश सरकारले आफू मातहतका सम्पुर्ण कर्मचारीहरूलाई द्वन्द्व प्रभावित तथा सेवाग्राही प्रति संवेदनशील र सम्मानजनक व्यवहारका लागि निर्देशन दिइयोस् । साथै सरकारी तथा गैरसरकारी संघसंस्थाहरूले व्यक्तिको बृत्ती बिकासका लागि ल्याउने कार्यक्रमहरूमा द्वन्द्व प्रभावितहरूका लागि सहज रूपमा राहत तथा कार्यक्रम प्राप्त गर्नसक्ने नीतिगत व्यवस्था गरियोस् ।




# श्रमिक महिलाहरूको सवालमा स्थानिय तहको भूमिका

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा १० मार्चमा श्रमिक महिलाहरूको सवालमा स्थानिय तहको भूमिका विषयक राष्ट्रिय परामर्श गोष्ठि आयोजना गरिएको थियो । सातवटै प्रदेशबाट उपस्थित २२ वटा पालिकाका प्रतिनिधी तथा सरोकारवाला सम्मिलित राष्ट्रिय परामर्श गोण्ठिमा श्रमिक महिलाहरूको सवालमा छलफल भएको थियो । ७३ जना सहभागी कार्यक्रम गाउँपालिका राष्ट्रिय महासंघ नेपाल, ओरेक तथा केयर नेपालको संयुक्त आयोजनामा काठमाडौंमा गरिएको थियो ।

कार्यक्रममा बोल्दै प्रतिनिधीसभा सदस्य माननीय डा. विन्दा पाण्डेले वैदेशिक रोजगार जाने महिलाहरूको गतिशीलता नियन्त्रण र प्रतिबन्ध लगाउनु भन्दा वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनका लागि अभिमुखीकरण, सचेतनामूलक कार्यक्रमहरु स्थानीय तह तथा संघिय सरकारले व्यवस्था गर्नैपर्ने बताउँनुभयो ।

वैदेशिक रोजगारीमा जाने महिलाको संख्या सन् २०१८/२०१९ मा पुरुषको तुलनामा जम्मा ८ ।५ प्रतिशत मात्र रहेको थियो र यसमा महिलाहरू बढी घरेलु श्रमिकको रूपमा रोजगारीका लागि गएको देखिन्छ । महिलाहरूमाथि हुने हिंसा तथा जोखिम नियन्त्रण गर्ने नाममा महिलाहरूको गतिशीलतामाथि बन्देज लगाएको कारण महिलाहरु कामको अवसरबाट वञ्चित हुने, जोखिमयुक्त बाटोहरु प्रयोग गरेर वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता र ठगीने लगायतका संभावना रहन्छ ।

कार्यक्रममा श्रमिकहरूको पञ्जिकरण स्थानीय तहले गर्ने नीतिगत व्यवस्था भएका कारण श्रमिक महिलाहरूको अभिलेख तथा वर्गिकृत तथ्यांक राख्न स्थानीय सरकारले सुरु गर्नैपर्ने आवश्यकता डा । विन्दा पाण्डेले औल्याउनुभयो । साथै न्युनतम पारिश्रमिक श्रम कानुन अन्तर्गत नै तोकिएको हुँदा श्रमिकले न्युनतम पारिश्रमिक प्राप्त गरेको सुनिश्चितता गर्ने र वडा कार्यालयमा दर्ता गर्नै पर्ने प्रावधानका बारेमा समेत रोजगारदातालाई सुसूचित गर्नैपर्ने बताउनुभयो ।

पालिकाभित्र कार्यरत असंगठित क्षेत्रका श्रमिकले कानुन अनुसारको न्याय नपाएको अवस्थामा पालिकामा उजुरी गर्ने व्यवस्था, त्रिपक्षिय सम्वाद गर्ने संयन्त्र निर्माण स्थानिय पालिकाले गर्नैपर्ने आवश्यकता रहेकोमा वहाँले जोड दिनुभयो । श्रमिकलाई दर्ता गर्ने र परिचयपत्र उपलब्ध नगराउँदा सम्म उनीहरु सामाजिक सुरक्षामा जोडिन नसक्ने र अधिकारबाट वञ्चित भइराख्ने वहाँको भनाई थियो ।

यसैगरी परराष्ट्र मन्त्रालयका सहसचिव हरिषचन्द्र घिमिरेले वैदेशिक रोजगारमा जाने श्रमिकहरूलाई त्यहाँका नीतिगत व्यवस्थाहरूका बारेमा जानकारी नहुँदा उनीहरूले गन्तव्य मुलुकमा विभिन्न समस्या झेल्नुपर्ने अवस्था रहेको बताउनुभयो । साथै वैदेशिक रोजगारीबाट फर्किसकेका कामदारहरूको सीपलाई स्थानीय स्तरमा सदुपयोग गर्ने वातावरण सृजना गरी आर्थिक सामाजिक विकासमा उनीहरूलाई सहभागी गराउनु महत्वपूर्ण रहेको बताउनुभयो । साथै स्थानीय स्तरमा अपनाउन सकिने प्रविधीहरूको पहिचान तथा प्रयोग गर्न सहजीकरण गरेर उल्लेख्य रूपमा उत्पादनमा वृद्धि गर्न श्रमिकहरूलाई स्थानिय सरकारले सहयोग गर्नैपर्नेमा वहाँले जोड दिनुभयो ।

नेपालको संविधान, २०७२ ले सबै क्षेत्रका श्रमिकका लागि उचित श्रम अभ्यास, आधारभूत श्रमिक अधिकार र सामाजिक सुरक्षा व्यवस्था गरेको छ र राज्यको नीति अन्तर्गत घरेलु श्रम र सेवामुलक श्रमलाई समेत आर्थिक योगदानका रूपमा गणना गरिने उल्लेख छ । त्यस्तै, श्रम ऐन र सामाजिक सुरक्षा ऐन समेत कार्यान्वयनमा रहेको छ । तथ्यांक विभागका अनुसार अर्थतन्त्रलाई औपचारिक र अनौपचारिक क्षेत्रमा बाँडेर हेर्दा रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा ३७ ।८५ र अनौपचारिक क्षेत्रमा ६२ ।२५ छ । यसको अर्थ अझै अनौपचारिक क्षेत्रमा रोजगारी गर्नेको हिस्सा धेरै नै रहेको छ ।

यस्तो अवस्थामा असंगठित श्रेत्र, घरभित्र गर्ने सेवामुलक तथा हेरचाहमुलक कार्यमा महिलाहरूले गरेको श्रमलाई समेत ज्यालामा परिणत गरेर कुल ग्राहर्स्थ उत्पादनमा महिलाको श्रमको गणना अझै हुन नसक्दा महिलाको श्रममा भएको योगदानको पहिचान राष्ट्रले गर्न नसकेको गाउँपालिका राष्ट्रिय महासंघ नेपालका

केन्द्रिय सचिव देवी बुर्लाकोटीले बताउनुभयो ।

यसैगरी घरभित्रको काम तथा महिलाकै समग्र कामको पहिचान नगरिएको, श्रमको मूल्यमा विभेद गरिएको, कार्यस्थलमा लैङ्गिक विभेदमा आधारित हिंसा श्रमिक महिलाले भोग्नु परेको र महिलाहरूको कामको परिवारमा रहने योगदानको समेत मूल्यांकन नहुने अवस्था विद्यमान रहेको ओरेकका कार्यकारी निर्देशक लुभ राज न्यौपानेले बताउनुभयो ।

नेपाल श्रमशक्ति सर्वेक्षण २०१८ सर्वेक्षणअनुसार समेत रोजगारीमा रहेका नेपालीको औसत मासिक ज्याला-तलब १७ हजार ८ सय ९ रूपैयाँ रहेकोमा पुरूषको मासिक औसत आय १९ हजार ४ सय ६४ रूपैयाँ रहेको तर महिलाको आय १३ हजार ६ सय ६० रूपैयाँ रहनुले ज्यालामा महिलालाई विभेद गरेको स्पष्ट देखिने वहाँले बताउनुभयो ।

त्यसैले स्थानिय निकायले कानुन, नीतिहरु तथा कार्यक्रमहरु तर्जमा गर्दा श्रमिक महिलाहरूका यस्ता सवालहरु सम्बोधन हुने व्यवस्था गरी महिलाको श्रमको पहिचान, मूल्यांकन तथा मर्यादित श्रमको अधिकार सुनिश्चित गर्नपर्नेमा न्यौपानेले जोड दिनुभयो ।

वक्ताहरूले रोजगारीको उपलब्धता, उचित पारिश्रमिक, सामाजिक सम्वादमा संलग्नता र सामाजिक सुरक्षाको संयन्त्रमा महिला श्रमिकलाई जोड्दै लैजादै कामलाई मर्यादित कायमको रूपमा स्थापित गर्ने र श्रमिकको सवालमा भएका कानुनी तथा नीतिगत व्यवस्थाहरु कार्यान्वयन गर्ने दायित्व स्थानिय तहको रहेको बताउनुभएको थियो ।

अन्तर्राष्ट्रिय तथ्यांक हेर्ने हो भने पनि महिलाको सहभागिता उद्योग व्यवसायमा १३ ।५, पारिश्रमिक सहितको कृषिमा २५ र सेवा क्षेत्रमा ६१ ।५ प्रतिशत रहेको पाइन्छ । श्रम क्षेत्रका बहुसंख्यक महिलाको ठूलो हिस्सा पारिश्रमिक विनाको जीविकोपार्जनमुखी कृषि, गृहआधारित सेवामूलक श्रम र स्वरोजगार क्षेत्रमा संलग्न छ भन्ने देखिन्छ ।

कोभिड १९ को महिलामा पारेको असर सम्बन्धि संयुक्त राष्ट्र संघको संक्षिप्त नीतिमा महिलावादीहरूका अनुसार ँविश्वभरि महिलाहरूले कम कमाई गर्दछन्, कम बचत गर्दछन्, कम सुरक्षित रोजगारी पाउँदछन्, अनौपचारिक क्षेत्रमा रोजगारी पाउने सम्भावना बढी हुन्छ । तिनीहरूसंग सामाजिक सुरक्षामा कम पहुँच छ र बहुसंख्यक परिवारमा एक्लो-अभिभावक हुन्छन् । उनीहरूको आर्थिक मन्दि बेहोर्ने क्षमता पुरूषहरूको भन्दा कम छ भनि उल्लेख गरेको छ । यस संक्षिप्त नीतिले सबै राज्य र गैह्र-राज्य सरोकारवालाहरूलाई महामारीको लैंगिक प्रभावलाई सम्बोधन गरी विना पारिश्रमिक गर्ने सेवामुलक श्रमको असमानतालाइ नयाँ, सबैलाइ समावेश गर्ने सेवामुलक अर्थव्यवस्थामा रूपान्तरण गर्न आग्रह गरेको छ ।

१५ औं योजनाले समेत औपचारिक क्षेत्रमा काम गर्नेको हिस्सा ३६ ।५ बाट वृद्धि गरेर ५०५ पुऱ्याउने लक्ष्य निर्धारण गरेको छ । आर्थिक वर्ष ०७४/७५ मा औसत श्रम उत्पादकत्व वार्षिक १ लाख ८४ हजार रूपैयाँ रहेको १५औं पञ्चवर्षीय योजनाको मस्यौदामा उल्लेख छ । यसको अर्थ औसतमा एकजना मानिसले ३ सय ६५ दिन गर्ने श्रमको मूल्य १ लाख ८४ हजार रूपैयाँबराबर हो । अबको ५ वर्षमा श्रमको औसत उत्पादकत्व वार्षिक २ लाख ७६ हजार रूपैयाँ पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ ।

यी कानुन नीति र कार्यक्रमहरूले गर्दा हाल रोजगारमा समान अवसर, पारिश्रमिक र सेवासुविधामा समानता र मातृत्व संरक्षणको व्यवस्थामा विस्तार भएको छ । कार्यथलोमा महिलाविरूद्ध हुने हिंसासम्बन्धी कानुन बनेको छ । सबै क्षेत्रका श्रमिक सामाजिक सुरक्षाको छाताभित्र समेटिन सक्ने कानुनी व्यवस्था भएको छ । कानुनी तथा नीतिगत केही व्यवस्थाहरु भएपनि यी नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुन सकेको देखिदैन ।

त्यसैले २२ वटा गाउँपालिकाबाट उपस्थित पालिकाका अध्यक्ष तथा उपाध्यक्षहरूले निम्नानुसारको कार्यहरु अविलम्ब गर्नपर्ने आवश्यकता औल्याएका छन् ।

- संविधान र कानुनले गरेका यी व्यवस्थाको कार्यान्वयनका लागि उद्योग, कृषि र सेवा क्षेत्रमा अनौपचारिक रूपमा संलग्न सबै महिला र पुरूष श्रमिकलाई राज्यले श्रमिकका रूपमा औपचारिक पहिचान दिंदै सामाजिक सुरक्षा सञ्जालमा जोड्न सक्नुपर्छ ।
- यसका लागि घरपरिवार देखि समाज र समुदाय हुँदै उद्योग, व्यवसाय र सरकारी-गैरसरकारी क्षेत्रलगायत राज्यका सबै तहमा गरिने सबै किसिमको श्रमलाई मर्यादित बनाउने अभियानलाई तीव्रता दिनुपर्छ ।
- श्रमलाई हेर्ने भेदभावपूर्ण दृष्टिकोणमा रूपान्तरण गरी मर्यादित श्रमको अवधारणाको विकास गर्नपर्छ त्यसो भए मुलुकमा मर्यादित रोजगारको दायरा विस्तार हुनेछ । महिलाले अनवरत बगाएका पसिनाको गणना हुन थाल्नेछ ।
- संविधानप्रदत्त हकको कार्यान्वयन, घरेलु श्रमलाई राज्यको कुल गार्हस्थ्य आयमा जोड्ने र अन्तर्राष्ट्रिय स्तरमा हस्ताक्षर गरिएका सन्धि, अभिसन्धिहरूको पालना गर्ने काम सरकारले गर्नपर्छ ।
- राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा समान अधिकार र सहभागिता मात्र होइन, अर्थपूर्ण प्रतिनिधित्व र पहुँचमा सरकार केन्द्रित हुनुपर्छ ।

## कोभिड १९ प्रतिकार्यको लैंगिक विश्लेषण

कोभिड १९ प्रतिकार्यमा स्थानीय सरकारको कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन लगायत वर्तमान कोभिड १९ सम्बोधनका लागि बनाइएका नीति निर्देशिका र मापदण्डहरूको लैंगिक विश्लेषण गर्ने उद्देश्यले ओरेकले कोभिड १९ प्रतिकार्यको लैंगिक विश्लेषण नामको अनुसन्धान गरेको थियो । यो अनुसन्धानको नतिजामाथि २३ मार्च २०२१ मा सरोकारवालाहरूबिच काठमाडौंमा छलफल आयोजना गरिएको थियो । अनुसन्धान जुलाई २०२० देखि जनवरी २०२१ को समायावधीमा ओरेकको नौ वटा कार्यक्षेत्रहरु कैलाली, धनुषा, सिरहा, सर्लाही, महोत्तरी, दांग, मोरङ्, उदयपुर र काठमाडौं केन्द्रित थियो ।

अनुसन्धानले लैंगिकता र अन्तरविविधताको दृष्टिकोणबाट नीति कार्यान्वयनका चुनौतीहरु कोभिडको समयमा लैंगिक आवश्यकतालाई सम्बोधन गर्न स्थानीय संयन्त्रको प्रभावकारीता र नीति मापदण्ड, निर्देशिकाले कोभिड प्रतिकार्यलाई कस्तो प्रभाव पारेको छ भनि विश्लेषण गरेको छ ।

अनुसन्धानले क्वारेन्टाइन र आइसोलेसन वार्डहरूलाई लैंगिकमैत्री बनाउन स्थानीय सरकारसँग आवश्यक स्रोत साधनहरूको कमी रहेको देखाएको छ । स्रोत साधनको अभावका कारण जोखिममा रहेका समुहहरु जस्तै विदेशबाट फर्किएका आप्रवासी महिला कामदारहरु जोखिम तथा अप्ठयारो स्थितीमा रहेका थिए । यस अवधीमा स्वास्थ्य सेवामा पहुँच तथा स्वास्थ्य सेवाको सुनिश्चिता हुन नसक्नु अर्को चुनौती रहेको थियो । गर्भवती महिलाहरु जस्तो स्वास्थ्य स्थिती जोखिममा रहेका महिलाहरूले पिसिआर टेष्टका लागि धेरै दिन पर्खनु पर्ने महिलाहरूले बताएका छन् । त्यसैगरी यौन तथा प्रजनन् स्वास्थ्य तथा परिवार नियोजन लगायतका सेवाहरु सुचारु नहुँदा महिलाहरूको प्रजनन् तथा यौन स्वास्थ्यमाथि प्रभाव परेको थियो । परिवार नियोजनका सामग्रीको उपलब्धता नहुँदा महिलाहरु अनिच्छित गर्भधारण गर्न बाध्य भएका थिए । यसका साथै केही स्थानहरूमा राहत वितरणमा राजनैतिक पहुँचको प्रभाव र वास्तविक वर्गसम्म राहत नपुगेको गुनासो समेत गरिएको थियो ।

केही ठाउँमा स्थानीय सरकारहरूले स्थानीयस्तरमा अनुकुल हुने गरी नीति, कार्यक्रम तथा निर्देशिका तयार गर्दा लैंगिक मैत्री क्वारेन्टाइन निर्माण तथा सञ्चालनमा सहयोग पुगेको थियो । यसैगरी क्वारेन्टाइनमा मनोसामाजिक परामर्शसेवा सञ्चालन गर्दा क्वारेन्टाइनमा रहेका व्यक्तिहरूको मनोसामाजिक समस्याहरु समाधान गर्न सहयोग पुगेको थियो ।

अनुसन्धानले स्थानीय सरकारले सञ्चालन गर्ने कार्यक्रम तथा प्रतिकार्यहरूमा महिला तथा बालिकाको सहभागिता सुनिश्चित




गर्नुपर्ने, विभेद अन्त्य गर्नुपर्ने, सहयोगका लागि अनलाई प्रणालीको विकास गर्नुपर्ने, तथ्यांक संकलन तथा व्यवस्थापनका लगि भरपर्दो प्रणालीको विकास गर्नुपर्ने सुझाव दिएको छ । साथै राहत वितरण तथा विपदका अवस्थामा मनोसामाजिक परामर्शलाई प्राथमिकतामा राख्न र प्रतिकार्यमा पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्नुपर्नेमा जोड दिएको छ ।

## आधारभुत मानवीय सिद्धान्त र सुरक्षित सम्प्रेषण सम्बन्धी तालिम

संरक्षण क्षेत्र अर्न्तगत लैंगिक हिंसा उपसमुहका सदस्यहरूका लागि लैंगिक हिंसाका सवालमा अवधारणागत स्पष्टता गराई अधिकार मुखी अवधारणाबाट सेवा प्रदान गर्ने सीप तथा ज्ञान अभिबृद्धि गर्ने तथा सेवा प्रदायकहरूमा समान बुझाई ल्याउने उद्देश्यले आधारभुत मानवीय सिद्धान्त र सुरक्षित सम्प्रेषण सम्बन्धी तालिम सम्पन्न भएको छ । १९ मार्च २०२१ मा एकदिन तथा घटना व्यवस्थापन र मनोसामाजिक सहयोग सम्बन्धी २२ र २३ मार्चमा २ दिन गरी ३ दिने तालिम ओरेकले महिला बालबालिका विभागसंगको समन्वय तथा संयुक्त राष्ट्रसंघीय जनसंख्या कोषको सहयोगमामा आयोजना गरेको हो । जसमा विपद तथा महामारी लगायत अन्य समयमा पनि लैंगिक हिंसा प्रभावितलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सेवा प्रदान गरिरहेका सेवा प्रदायकहरु र दातृनिकायका पदाधिकारीहरु लगायत नेपाल प्रहरी, महिला बालबालिका विभाग, राष्ट्रिय महिला आयोग,



राष्ट्रिय मानव अधिकार आयोग, महिला कानुन तथा विकाश मञ्च, साथी, ओरेक, कोसिस, निलहिरा समाज, नेपाल महिला अपांग संघ, सिभिक्ट, टिपिओ लगायतका सेवा प्रदायकहरु भिएसओ, विश्व बैंक, पिन नेपाल, संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष लगायत गरी ३९ जनाको सहभागिता रहेको थियो । प्रशिक्षण कार्यक्रममा महिला वालवालिका विभागको तर्फबाट निमित्त महानिर्देशक दुर्गादेवी देवकोटाले हालसम्म संरक्षण विषयगत क्षेत्रले लैंगिक हिंसाको सम्बोधनका लागि गरेका प्रयासहरु र नेपालको संरक्षण विषयगत क्षेत्रको अवधारणा, संयन्त्र तथा आगामी दिनमा कसरी बहुपक्षीय सेवाहरु एकीकृत रूपमा प्रदान गर्न सकिन्छ भन्नेबारेमा सहभागीहरूलाई सहजीकरण गर्नुभएको थियो । साथै राष्ट्रिय महिला आयोगका सचिव शान्ता भट्टराईले हाल विपद तथा अन्य अवस्थामा महिला आयोगले लैंगिक हिंसा प्रभावितहरूलाई प्रदान गरेको सेवा तथा आयोगको भुमिका र जिम्मेवारीका बारेमा जानकारी गराउनु भएको थियो ।




तालिम पश्चात सहभागीहरूले लैंगिक हिंसा उपसमुहले निर्माण गरेको मोड्युलमा आधारित भएर तालिम संचालन गर्ने प्रतिबद्धता जनाउनु भएको थियो ।

## एसियामा महिला हिंसा अन्त्यको परिकल्पना विषयक छलफल

अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा ८ मार्चमा दक्षिण एसियाका महिला अधिकारवादी संस्थाहरु तथा व्यक्तिहरु सम्मिलित दक्षिण एसियामा महिला हिंसा अन्त्यको परिकल्पना विषयक छलफल कार्यक्रम आयोजना भएको थियो । दस्तक फाण्डेसन, पाकिस्तानले सहजीकरण गरेको कार्यक्रममा प्रभावितलाई परिवर्तनका संवाहकको रूपमा सशक्तिकरणका सवालमा छलफल भएको थियो । दक्षिण एशियामा महिलाको हक अधिकारको क्षेत्रमा काम गरिरहेका व्यक्तित्वहरूले आफ्ना अनुभवहरु प्रस्तुत गर्नु भएको थियो । भर्चुअल कार्यक्रममा पाकिस्तान, नेपाल, श्रीलङ्का, बङ्गलादेश, अफगानिस्तान, भारतबाट वक्ताहरु सहभागी भएका थिए ।

कमला भासिन, महिलावादी अभियन्ता, भारत



"हामी नारीवादी सोच भएकाहरूको एकमात्र लक्ष्य भनेको विभेदकारी पितृसत्ताको बिरूद्ध लड्नु हो । महिलावादी सिद्धान्तप्रति शंका गर्नेहरुका लागि, म के भन्न चाहन्छु भने हामी महिलावादी सिद्धान्त आत्मसात गरेर हिडेकाहरु पुरुष विरोधी भने होइनौ । लैंगिक असमानता विरुद्ध आवाज उठाउने र महिलाको अधिकारलाई समर्थन गर्ने पुरूषहरू समाजमा छन् । तसर्थ, हामी कसरी पुरुषको विरुद्ध हुन सक्छौं? पुरुषले पितृसतात्मक सोच र भावनालाई हटाउनु हामीलाई मदत गर्नु पर्दछ र महिलावादी आन्दोलनमा सामेल हुनुपर्दछ किनभने पितृसत्तात्मक प्रवृत्तीले महिलाहरूलाई मात्र नभई पुरुषहरूलाई समेत उत्तिकै असर गरेको पाइन्छ ।"

लुभ राज न्यौपाने, कार्यकारी निर्देशक, ओरेक



लैङ्गिक विभेदमा आधारित हिंसाबाट प्रभावितहरु हिंसा सामना गर्न प्राय एक्लै पर्ने गर्दछन् । उनीहरु निरन्तर विभेदमा पर्ने र समाजबाट लाञ्छना भोग्न बाध्य बनाइएका हुन्छन् । त्यसलै उनीहरूको समाजमा पुनर्स्थापना गर्ने प्रक्रियाका लागि उनीहरूकालागि विशेष प्रकारका कार्यक्रमहरु ल्याउन आवश्यक छ । यी कार्यक्रमहरूले प्रभावितहरूलाई आत्मसम्मानका साथ समाजमा जीवन जीउन साथै परिवर्तनका संवाहकको रूपमा काम गर्न सहयोग पुऱ्याउनु पर्दछ । सामाजिक पुनर्स्थापनाका क्रममा उनीहरु आफ्नो अधिकार प्राप्तिका लागि शसक्त भई श्रम, शरीर तथा पहिचानमा उसको अधिकार स्थापित भएको हुनुपर्छ । साथै समुदायमा प्रभावितहरूको नै सञ्जाल तथा समुहहरु गठन भई क्रियाशील रूपमा प्रभावितहरूलाई सहयोग गर्ने वातावरण सृजना हुनु पर्दछ । ओरेकले प्रभावितदेखि परिवर्तनका सम्वाहकको यिनै अवधारणाहरूमा आफ्नो कार्यक्रमहरु सञ्चालन गरिरहेको छ ।

सिरिन हक, महिलावादी अभियन्ता, बङ्गलादेश



हामीले माया गर्ने व्यक्तिहरूका विचमा कम्तिमा हामी सुरक्षित छौं भन्ने हामी विश्वास गर्न चाहन्छौं । तर हामीले माया गर्ने व्यक्तिहरूले नै प्राय हामीमाथि हिंसा गरिरहेका हुन्छन् । त्यसैले परिवारमा माया पाउने थलोका साथै महिला र बालिकामाथि हुने हिंसा हुने स्थान समेत हुनसक्छ । महिला आन्दोलनले समेत महिला र बालिकाहरु घरभित्र नै असुरक्षित रहेको पहिचान तथा महसुस गर्न समेत केही समय लागेको थियो ।

## महिलाको सुरक्षा सम्मान र रोजगार समृद्ध नेपालको आधार विषयक अन्तरक्रिया तथा र्‍याली कार्यक्रम




ओरेक, लहान नगरपालिका, दलित जनकल्याण युवा क्लव, समग्र जनउत्थान केन्द्र र ईन्सेक लगायतको आयोजनामा मार्च ८ को दिन "महिलाको सुरक्षा सम्मान र रोजगार समृद्ध नेपालको आधार" विषयक अन्तरक्रिया तथा र्‍याली कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा लहान नगरपालिकाको २४ वटै वडाबाट श्रमिक महिला, महिला अधिकारकर्मी, महिला कर्मचारी, पत्रकार र मानव अधिकारकर्मीको सहभागिता थियो ।

कार्यक्रममा महिला सहभागीहरूले महिला र पुरुषको बिचमा भएको ज्याला असमानताको मुद्दालाई उठान गरेका थिए । अहिले पनि एउटै खेतमा काम गर्ने पुरुषको ज्याला ५ सय हुंदा महिलाले ३ सय ५० मा चित्त बुझाउनु पर्ने कुरालाई प्रकाश पारेका थिए । त्यस्तै गरी श्रमिक महिलाहरु जमिनदारकोमा काम गर्न जादाँ सहयोग गर्नुको साटो जमिनदारले असहज काम दिई काममा बाधा पुऱ्याउने काम गरेको कुरालाई पनि औंलाए ।

कार्यक्रमकी प्रमुख अतिथि तथा संविधान सभा सदस्य रामरतिरामले महिलाको अधिकार सुनिश्चित गर्नका लागि निरन्तर आवाज उठाउन आवश्यक रहेको बताउनुभयो । "सबै घर र समाजमा महिलाको सम्मान हुने वातावरण बने मात्र परिवर्तन आउँछ" वहाँले भन्नुभयो ।

त्यस्तै कार्यक्रमको अध्यक्ष लहान नगरपालिकाकी उपप्रमुख सरिया चौधरीले भन्नुभयो "महिलालाई पदसँगै निर्णय गर्ने अधिकार पनि दिनुपर्ने बताउनुभयो । चाहे त्यो अफिसमा काम गर्ने कर्मचारी हुन या दैनिक ज्यालादारीमा काम गर्ने मजदुर हुन्, उनीहरूले आफ्नो अधिकार पाउनै पर्छ अनि मात्र समाजमा परिवर्तन आउँछ ।

त्यस्तै गरी सोहि दिन पशुपतिमाविको प्राङ्गणबाट निस्केको र्‍याली शहिद चौकको परिक्रमा गरी लहान नगरपालिकाको सभाहलमा समापन गरिएको थियो जसमा १०० जना पुरुष र ३५० जना महिला गरी ४५० जनाको सहभागिता रहेको थियो । अन्तराष्ट्रिय महिला श्रमिक दिवशको दिन गरेको यस कार्यक्रममा दश वटा क्षेत्रमाका महिलालाई सम्मान पनि गरेको थियो ।

## शिक्षा, स्वास्थ्य, खाद्य र आवासको क्षेत्रमा महिलाको पहुँच विषयक अन्तरक्रिया

धनुषाको मिथिला नगरपालिकामा १११ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), मिथिला नगरपालिका र ओरेकको आयोजनामा "शिक्षा, स्वास्थ्य, खाद्य र आवासको क्षेत्रमा महिलाको पहुँच विषयक अन्तरक्रिया कार्यक्रम फागुन २५ गते सम्पन्न गरिएको थियो । कार्यक्रममा ७ जना श्रमिक महिलाहरूलाई दोसल्ला ओढाई सम्मानपत्रका साथ सम्मानित् गरिएको थियो ।

कार्यक्रममा मिथिला नगरपालिकाका उपप्रमुख तारा लामा बस्नेतले कानुनी रुपमा महिलाहरूलाई शिक्षा, स्वास्थ्य, खाद्य र आवासको क्षेत्रमा पहुँच सुनिश्चित हुने उल्लेख गरिए पनि कार्यान्वयनको पक्ष व्यवहारिक रुपमा अझै कमजोर भएको बताउनुभयो । महिलाहरूको हकअधिकारका सवालमा बनेका कानुन परिपालनाको साथै प्रभावकारी कार्यान्वयन गरिनु पर्ने उपप्रमुख लामाको भनाई थियो । साथै वहाँले मिथिला नगरपालिकाले महिलाको साथै यौनिक अल्पसंख्यकहरूको लागि समेत बजेट विनियोजन गरेको बताउनुभयो । साथै आफनो पालिकामा मिथिलाको चाहना, घर घरमा साहाना नामक शिर्षकमा स्नातक पढ्ने छोरी तथा बुहारीहरूलाई नगरपालिकाबाट रोजगरीको अवसरमा सहयोग गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा महिला मानवअधिकारकर्मी संयोगिता साहले श्रमिक महिलाहरु शिक्षाबाट बञ्चित हुदै गर्दा पोषिलो खानेकुरा, स्वास्थ्य सेवा, खाद्य र आवासको सुविधामा समेत वञ्चित हुनु परेको बताउनुभयो ।

ओरेक धनुषा संयोजक रोजलिन सिंह बछारले शिक्षा, स्वास्थ्य, खाद्य र आवासको क्षेत्रमा महिलाहरूको भुमिका सशक्त हुनुपर्ने धारणा व्यक्त गर्दै अबका दिनमा दाइजो हैन बरावरी अंश र शिक्षा आर्जनमा जोड दिनुपर्ने बताउनुभयो ।


अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा ओरेक धनुषा, महिला मानव अधिकार रक्षक सञ्जाल लगायत अन्य संघ संस्थाको समन्वयमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा दिपप्रज्वलन जानकी मन्दीरको प्राङ्गणमा गरिएको थियो ।


यसैगरी लैंगिक विभेदमा आधारित हिंसा र लैंगिकताका सवालमा बर्दिबास प्रदेश २ को सशस्त्र क्याम्पमा ९० जना सशस्त्र प्रहरी सहभागी तालिम आयोजना गरिएको थियो ।





# सार्वजनिक स्थलमा महिला तथा बालिकामाथि हुने हिंसाको तथ्यांक

ओरेकले सन् २०२० (जनवरी देखि डिसेम्बरसम्म) मा महिला तथा बालिकामाथि सार्वजनिक स्थलमा हुने जम्मा ६०० वटा हिंसाको घटनाहरु आफ्नो कार्यक्षेत्र तथा विभिन्न पत्रपत्रिकामा प्रकाशित घटनाहरूको आधारमा संकलन गरेको छ । संकलित ६०० घटनामध्ये १७० वटा घटनाहरु पत्रपत्रिकाबाट संकलित हुन् ।








## प्रभावितका लागि मनोविमर्श सेवा

ओरेकले सन् २०२० मा लैङ्गिक विभेदमा आधारित हिंसा प्रभावित वा उनीहरूको परिवारका सदस्यलाई गरी जम्मा ३०५१ जनालाई १२ वटा जिल्लाका २५ मनोविमर्श केन्द्र र ८ वटा सुरक्षाआवास मार्फत मनोविमर्श सेवा प्रदान गरेको छ । प्राकृतिक प्रकोप, महामारी, द्वन्दको प्रभावले परेको समस्या लगायत विभेद र हिंसाबाट प्रभावित व्यक्ति तथा समुदायको मनोसामाजिक अवस्थामा परेको प्रभावलाई सम्बोधन गर्नका लागि स्थानीय तहले मनोविमर्श सेवालाई प्राथमिकतामा राखी सहज रूपमा सेवा दिने व्यवस्था गर्नु आवश्यक छ । यस विषयलाई प्राथमिकतामा राखेर हरेक वडामा एक मनोविमर्शकर्ताको व्यवस्था का लागि निरन्तर पैरवी गर्दै आइरहेको छ ।






worecnepal worecnepalorg WOREC Nepal worecnepal .org